नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२०००३७
फ्याक्स नं. : ९७७-१-४२०००३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

मितिः
२०८२ भदौ २६ गते ।

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता बाबुराम अर्याल

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्वयानी

## वर्तमान राष्ट्रिय घटनाक्रमबारे आज भएको सल्लाहकार सहितको भर्चुअल बैठक पश्चात जारी नेपाल बार एसोसिएसन (NBA) को सार्वजनिक अपिल

आज हामी युगकै जटिल परिस्थिमा उभिएको महसुस गर्दछौं। वर्तमान चुनौतीहरूको समाधान खोज्दै गर्दा, हाम्रो राष्ट्रले सामना गरिरहेको समस्यामा कुनै पनि र सबै समाधानहरू नेपालको संविधानको पवित्र ढाँचाभित्र रहेर मात्र हुनुपर्छ भन्ने दृढ विश्वास नेपाल बार एशोसिएसन राख्दछ। देशको सर्वोच्च कानूनको रूपमा हाम्रो संविधानले लोकतान्त्रिक शासन, अधिकारको संरक्षण र विवादहरूको शान्तिपूर्ण समाधानका लागि वैध मार्गचित्र प्रदान गर्दछ। कैयनको वलिदानी र बर्षौंको प्रयास पछि यो संविधान बनेको हो भन्ने तथ्यलाई कदापी विर्सन सकिदैन ।
यस जटिल परिस्थितिमा, संविधानको मर्म भित्र रहि तत्काल रास्ट्रीय सरकार गठन गरी शासन प्रणालीलाई सहज बनाउनु पर्ने आवश्यकतामा हामी जोड दिन्छौं। साथै, न्यायमा सबैको पहुँच सुनिश्चित गर्नका लागि अदालतका कार्यहरू निर्वाध रूपमा सञ्चालन भैरहनु पर्दछ। हामी सबै सरोकारवालाहरू, राज्यका सबै अंगहरू र आम नागरिकहरूलाई कानूनको शासनलाई सर्वोपरि ठान्न आग्रह गर्दछौं, ताकि कुनै पनि कार्य वा पहल स्थापित कानुनी तथा संवैधानिक व्यवस्थावाट विचलित नहोस्।
सुशासनयुक्त र भ्रष्टाचारमुक्त शासन व्यवस्था 'जेनजी' (युवा पुस्ता) को आधारभूत माग हो। यो माग यदि भूराजनीतिको चपेटमा परेर अँध्यारो सुरुङतर्फ प्रवेश गर्यो भने पूर्खाको रगतवाट सिंचित नेपाली सार्वभौमसत्तामा आँच आउने अवस्था हुन्छ जुन नेपालका कुनै पनि नागरिकले सपनामा समेत स्वीकार्न सक्दैन । तसर्थ, देश जोगाऔं, संविधानमा आवश्यक सुधार, परिमार्जन र संशोधन गरौं, नेपाली भूमिमा नेपाली जनताको ढुकढुकीमा संविधान बचाऔं। कुनै पनि वहानामा लोकतन्त्र, गणतन्त्र र समानुपातिक समावेशीता सहितको संघीयता जस्ता स्थापित संवैधानिक उपलब्धिहरूमा सम्झौता नगरौं । यस सन्दर्भमा संविधान वमोजिम रास्ट्रको अभिभावकको रूपमा राष्ट्रपतिको भूमिका अहम् रहेको स्पस्ट छ । यो मामिलामा सम्माननीय राष्ट्रपतिको सक्रिय र अनुभूत गर्न सकिने र देखिने सहभागिताको अपेक्षा गर्दछौं । नागरिक शासन अविलम्व कायम गरियोस ।
मान्य संवैधानिक सिद्धान्तहरू र नेपालको अद्वितीय भूराजनीतिक वास्तविकताहरू तथा हाम्रो राष्ट्रलाई प्रभाव पार्ने जटिल समकालीन मुद्दाहरूको गहिरो बुझाईद्वारा निर्देशित रचनात्मक संवादमा संलग्न हुनुपर्ने तथ्यमा जोड दिन्छौं। संवैधानिक सर्वोच्चताको पालना गर्नु केवल एक कानुनी दायित्व मात्र होइन, यो हरेक नेपालीका लागि स्थायी स्थिरता, न्याय र हाम्रा लोकतान्त्रिक आदर्शहरूको प्रगतिका लागि आधारशिला पनि हो।
संवैधानिक सर्वोच्चता वाहिर बाट खोजिने कुनै पनि समाधान वा नियुक्ति नेपाल बार एशोसिएशन स्वीकार गर्दैन, विरोध गर्दछ । यसो नगर्न हार्दिक अनुरोध गर्दछौं । अन्तमा, हालको संकटको निकास संवैधानिक मान्यता भित्र खोज्न जेन-जी लगायत सम्पूर्ण जनसमुदायमा नेपाल बार एशोसिएसन हार्दिक अपिल गर्दछौं ।

वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला
महासचिव
नेपाल बार एसोसिएसन

वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र
अध्यक्ष
नेपाल बार एसोसिएसन

CamScanner